# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

## मिति २०७५ श्रावण २४ गते वसेको जि.स.स. वैठकबाट भएका निर्णयहरु :

**निर्णय नं. १ :**

काठमाडौं जिल्लाको दोस्रो जिल्ला सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सभाका सदस्यज्यूहरु एवं सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

काठमाडौं जिल्लाको दोस्रो जिल्ला सभाको मिति २०७५ श्रावण १४ गते वसेको समापन वैठकको निर्णयहरु सम्वन्धमा सवै पदाधिकारीहरुलाई जानकारी गराइयो । उक्त वैठकका निर्णयहरु जि.स.स.को वेवसाईट र फेसवुकमार्फत सार्वजनिक गर्ने । जिल्ला सभाले गरेको निर्णयहरुमा जि.स.स.बाट कार्यान्वयन गर्ने विषय तत्काल कार्यान्वयन गर्ने र अन्यको हकमा सम्वन्धित निकायमा कार्यान्वयनको लागि लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट चालु आ.व. २०७५/०७६ को लागि प्राप्त देहाय वमोजिमको वजेट तथा कार्यक्रम सवै पदाधिकारीहरुलाई जानकारी गराइयो ।

वजेट उपशीर्षक नं ३६५८०१३

| क्र.सं. | वजेट विवरण | वार्षिक वजेट | कैफियत |
|---|---|---|---|
| १ | जि.स.स. कार्यसंचालन खर्च (ईन्धन, कायालय सामान, मर्मतसम्भार, विविध आदि) | १,०००,०००।०० | सचिवालयबाट कार्यक्रम र कार्ययोजना र खरिद योजना वनाई खर्च गर्ने |
| २ | जि.स.स. पदाधिकारीहरूको/ सदस्य वैठक भत्ता (रू. ३०००००।००) | २२८०००।०० | क) कार्यालय समय अघि र पछि एजेण्डा विशेषका लागि वैठक वस्दा पाउने |
| | | ७२०००।०० | ख) यातायात खर्च वापत यातायात सुविधा नलिएका पदाधिकारीहरूलाई मासिक रू. १०००।०० का दरले उपलब्ध गराउने (६×१०००×१२= ७२०००।००) |
| ३ | स्थानीय तहहरूको वार्षिक समीक्षा | ३००,०००।०० | अनिवार्य रूपमा गर्नुपर्ने वार्षिक समीक्षा र संभव भएसम्म अर्धवार्षिक प्रगति समीक्षा गर्नुपर्ने । |
| ४ | जि.स.स. पदाधिकारीहरूको पारिश्रमिक सुविधा | ३,१२०,०००।०० | |
| ५ | अनुगमन तथा मूल्यांकन | ५००,०००।०० | कार्ययोजना वनाई आवश्यकतानुसार गरिने |
| ६ | जि.स.स. कर्मचारीहरूको तलव, महंगी भत्ता, पोशाक, दुर्गम भत्ता (१३ जना) | ६,३३९,०००।०० | |
| | जम्मा | ११,५५९,०००।०० | |

**निर्णय नं. ४**

काठमाडौं जिल्ला अन्तर्गतका स्थानीय तहहरुले गत आ.व. २०७४/०७५ मा सम्पन्न गरेका कार्यहरुको वार्षिक प्रगति समीक्षा २०७५ भाद्र महिना भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्ला समन्वय समितिको लागि अत्यावश्यक भएका देहायका सेवाहरुको सेवा करार सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

(क) जिल्ला समन्वय समितिको कार्यालय भवन र परिसरको सुरक्षा सेवा प्रदान गर्न गत विगत देखि नै सुरक्षा सेवा प्रदान गर्दै आएको गोर्खाली योद्धा सेक्यूरिटी प्रा.लि., धुम्वाराहीसंग गत वर्षको दरमा सम्झौता २ जना सुरक्षा गार्डको सेवा निरन्तरताको लागि सम्झौता नविरकण गर्ने ।

(ख) जिल्ला समन्वय समिति भवनमा जडित टेलिफोन सेवाहरु र विद्युत लाईन मर्मत, संचालन लगायतका कार्यका लागि ईलेक्ट्रिसियन श्री रामकृष्ण वलामीलाई गत वर्षकै दरमा करार सम्झौता गरी सेवा लिने ।

(ग) जि.स.स.मा रहेका कम्प्यूटर, ईन्टरनेट सेवा र नेटवर्किङ्ग सम्वन्धी कार्यको लागि गत वर्ष गरिएको सम्झौता अनुसारको दररेटमा चालु आ.व.का लागि सेवा उपलव्ध गराउन एक जना सूचना प्रविधि विज्ञसंग सम्झौता गरी सेवा लिने ।

(घ) जिल्ला समन्वय समितिमा चालु अवस्थाका ३ वटा सवारी साधन रहेको तर सो को संचालनको लागि सवारी चालक २ जना मात्र रहेकोले १ जना सवारी चालकलाई सेवा करारमा लिने ।

(ङ) यस कार्यालयको भवन र परिसर क्षेत्र ठूलो रहेको, विभिन्न विषयगत कार्यालयहरु भाडामा संचालनमा रहेको हुँदा जनसम्पर्क पनि वढी हुने र सरसफाईको कार्य नियमित रुपमा गरिरहनु पर्ने तर स्वीकृत दरवन्दी भित्रबाट ती कार्य सम्पादन गर्न भ्याउन सक्ने अवस्था नरहेको हुँदा सरसफाई कार्य सेवा करारबाट गराउन अत्यावश्यक भएकोले सो कार्यको लागि विगत देखि उल्लेखित कार्य गर्दै आएका सफाई कर्मचारीले निरन्तरता दिन चाहेमा निजलाई नै काममा लगाउने । अन्यथा सो कार्य सेवा करारबाट लिई काममा लगाउने ।

**निर्णय नं. ६**

जिल्ला समन्वय समितिको स्वामित्वमा चन्द्रागिरी नगरपालिकाको वलम्वुस्थित प्रकाश श्रेष्ठले निर्माण गरिएको भनिएको १७ वटा सटर टहराहरुको क्षतिपूर्ति दिने सम्वन्धमा चन्द्रागिरी नगरपालिकाको च.नं. ३५ मिति २०७५/०४/१८ को पत्र साथ प्राप्त चन्द्रागिरी नगरपालिकाका कानूनी सल्लाहकार अधिवक्ता वद्रीराज भट्टले दिनु भएको कानूनी रायको वारेमा वैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ७**

जिल्ला समन्वय समितिको कामको सिलसिलामा प्रयोग  गर्ने गरी जिल्ला समन्वय समितिका सदस्य श्री उद्धव भण्डारीलाई चालु अवस्थाको मोटरसाईकल थान १ उपलव्ध गराउने । साथै ईन्धन वापत मासिक ७ लिटर पेट्रोल र नियमित सर्भिसिङ्ग र मर्मतसम्भार वापत वार्षिक रु. ५०००।०० उपलव्ध गराउने निर्णय गरियो ।